नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८
चलानी नं. 1050

मिती :- २०७७।०६।२०

विषयः - निर्णय कार्यान्वयन सम्वन्धमा।

श्री चौतारा अस्पताल
श्री स्थानीय तह, सबै
सिन्धुपाल्चोक

प्रस्तुत विषयमा मिति २०७७।०६।२० गते यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री **उमेश कुमार ढकालको** अध्यक्षतामा बसेको District Covid-19 Crisis Management Center (**DCCMC**) को बैठकबाट भएको निर्णय तपसिल बमोजिम भएकाले तहाँ पालिका/कार्यालयसँग सम्वन्धित विषयहरु कार्यान्वयनका लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

छलफल तथा निर्णयहरु

१. भोटेकोशी गाउपालिका अन्तर्गत ३ जना र बलेफी गाउँपालिकास्थीत खाडीचौरमा संचालित मेडिकल हलमा कार्यरत १ जना स्वास्थ्यकर्मीमा समेत कोभिड-१९ संक्रमण पुष्टी भएकोमा संक्रमित व्यक्तिहरुको सम्पर्कमा आएका व्यक्तिहरुको खोजपड्ताल (Contact Tracing) गर्ने कार्य स्थानीय तहहरु अन्तर्गतका CICTT बाट तत्काल गर्ने र सो को लागी आवश्यक सहयोग र समन्वय जिल्लास्तरिय Contact Tracing Team बाट गर्ने । संक्रमण पुष्टी भएका स्वास्थ्यकर्मी कार्यरत मेडिकल हल Contact Tracing र सम्पर्कमा रहेकाहरुको स्वाव परिक्षण नतिजा नआउन्जेल सम्मको लागी सिल गर्ने ।

२. हाल जिल्लामा कोभिड-१९ संक्रमितहरुको संख्या वृद्धि हुदै गईरहेकोले संक्रमितहरुलाई राख्न आइसोलेसन कक्षहरु हरेक स्थानीय तहहरु वा स्थानीय तहहरुको साझेदारीमा संयूक्तरुपमा संचालन गर्न र क्षमता वृद्धि गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गरी पत्राचार गर्ने ।

३. विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको COVID-19 सिन्धुपाल्चोक जिल्लामा पनि बढ्दै गईरहेकोमा हाल ठुला चाडपर्वहरु समेत आउदै गरेको सन्दर्भमा COVID-19 संक्रमणलाई मध्यनजर गर्दै धार्मिक स्थलहरुमा दैनिक नियमीत पुजाआजा जनस्वास्थ्य मापदण्ड पालना गरेर मात्र सञ्चालन गर्ने र धेरै मानिस भेला हुने, पर्व जात्रा आदि क्रियाकलापहरु नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट निषेध कै अवस्थामा रहिरहेको पुनः स्मरण गराउदै चाडपर्वको वेला भेला हुने, मेला जात्रा आदि कार्यहरुलाई पुर्णरुपमा निषेध गरी सो को निगरानी गर्न स्थानीय तहहरु र सुरक्षा निकायहरुलाई अनुरोध गर्ने । साथै चाडपर्वहरुमा राजधानी लगायतका संक्रमण प्रभावित स्थानहरुबाट धेरै मानिसहरुको आवतजावत हुन सक्ने भएकोले स्थानीय तहहरु, नेपाल प्रहरी, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाईटी, सञ्चार माध्यमहरु लगायतका संस्थाहरुबाट सचेतना, प्रचारप्रसारका अभियानहरु सञ्चालन गर्न अनुरोध गर्ने ।

४. हाल चौतारा अस्पतालद्धारा संचालित आइसोलेसन कक्षमा कोभिड-१९ संक्रमित विरामीहरुको चाप बढेको र थप विरामीहरु आउन सक्ने भएकोले तत्काल आइसोलेसन कक्षको क्षमता वृद्धि गरी ५० वेड संचालन गर्ने ।

2077/06/20

सुनिता पहरी
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत